**एजेण्डाहरूः**

- सेवा सञ्चालन तथा व्यवस्थापन प्रक्रिया
- कार्यालय सञ्चालन, व्यवस्थापन र सेवा प्रवाहका मापदण्ड
- विविध

**निर्णयहरूः**

कोभिड-१९ को संक्रमणको जोखिम यस जिल्लामा बढ्न सक्ने संभावनालाई मध्यनजर गर्दै सोको न्यूनीकरणको लागि सार्वजनिक सेवा प्रवाह गर्दा देहाय बमोजिमको सेवा सञ्चालन तथा व्यवस्थापन प्रक्रिया र कार्यालय सञ्चालन, व्यवस्थापन र सेवा प्रवाहका सामान्य मापदण्डहरूको पूर्ण पालना गरी सेवा प्रवाह गर्नेः

१. **सेवा सञ्चालन तथा व्यवस्थापन प्रक्रिया**

- सरकारी तथा सार्वजनिक निकायले प्रवाह गर्ने सेवाको प्रकार सो संग सम्बन्धित सम्पर्क अधिकृतको सम्पर्क विवरण सार्वजनिक गर्ने
- सेवाग्राहीले सम्पर्क अधिकृतसंग सम्पर्क गरी आफूले लिन चाहेको सेवा, प्रक्रियाका बारेमा जानकारी लिन सक्ने व्यवस्था मिलाउने,
- सेवाग्राहीले दिनुपर्ने आवेदन र सोसंग सम्बन्धित कागजातहरु विद्युतीय माध्यामबाट नै कार्यालयमा पठाई प्राप्त गर्न सक्ने व्यवस्था मिलाउने ।
- सम्पर्क अधिकृतले तोकिए अनुसारको कोटा बमोजिम सेवा प्रवाहका लागि टेलिफोनबाटै टोकन दिने । टोकन दिंदा कार्यालयमा सेवाग्राही कार्यालयमा उपस्थित हुनुपर्ने समय समेत जानकारी गराउने । प्रवाह गरिने सेवाको क्षेत्र र कोटा सम्बन्धित कार्यालयले जिल्लाको संक्रमणको अवस्था, उपलब्ध जनशक्ति समेतका आधारमा निर्धारण गर्ने ।

२. **कार्यालय सञ्चालन, व्यवस्थापन र सेवा प्रवाहका सामान्य मापदण्डः**

- विरामी, नाबालक, जेष्ठ नागरिक, अशक्त, गर्भवती, सुत्केरी महिला लगायतका कोभिड-१९ संक्रमणको उच्च जोखिम समूहका नागरिकहरुलाई भीडभाड हुने सेवा प्रवाह स्थलमा प्रवेश नगराई संभव भएसम्म वैकल्पिक माध्यमबाट सेवा प्रवाह गर्ने ।
- स्वास्थ्य सुरक्षाका आधारभूत व्यवस्थाहरुः कार्यालयको मुख्य प्रवेशद्वारमा नै ज्वरो नाप्ने उपकरण (Thermal Gun), सेनीटाईजर, हातधुने व्यवस्था र सेवाग्राहीबाट मास्कको अनिवार्य प्रयोगको प्रभावकारी कार्यान्वयन ।

- कार्यालयभित्र अत्यावश्यक बाहेक सेवाग्राहीको पहुँच सीमित गर्ने प्रणाली र संरचनागत व्यवस्था मिलाउने ।
- अति आवश्यक विषयमा मात्र बैठकहरु छोटो समयमा सम्पन्न गर्ने र सहभागीहरुबीच न्यूनतम ३ फिट दूरी कायम हुने व्यवस्था मिलाउने ।
- अन्तर जिल्ला, प्रादेशिक र राष्ट्रिय तहका ब्रिफिङ्गहरु, लिखित निर्णयहरु आवश्यक नपर्ने प्रकृतिका सानो संख्यामा हुने बैठकहरु,
- कार्यालयभित्र कर्मचारीहरु तथा सेवाग्राहीहरुको बीचमा सामाजिक दुरीको मान्यतालाई कडाईका साथ कार्यान्वयन गर्ने ।
- नयाँ भौतिक संरचनाहरुको निर्माणको क्रममा सेवाग्राहीहरुका प्रतिक्षालय तथा कर्मचारीहरुसँग सम्पर्कमा आउने स्थानहरुको विकास गर्दा सामाजिक दूरी कायम गर्ने दृष्टिकोणले विकास गर्ने।
- सेवाग्राहीहरुसँग निरन्तर सम्पर्कमा रहने कर्मचारीहरुमध्येबाट हरेक महिना न्यूनतम १ नमूना परीक्षण गरी संक्रमणको सम्भावनालाई निरन्तर अनुगमन गर्ने ।
- अत्यन्त भीडभाड र सेवा प्रवाहमा खटिने निजामती कर्मचारी र सवारी व्यवस्थापनमा खटिएका प्रहरी कर्मचारीहरुको लागि PPE जस्तै तुलनात्मक रुपमा विद्यमान युनिफर्म भन्दा सुरक्षित प्रकारको Outer को विकास गर्ने ।